**अनुसूची-२**
**(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)**


## अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड-६** **संख्या : ४** **मिति : २०८०/०३/१५ गते**


**भाग–२**
**अग्नीसाईर कृष्णासवरन गाउँपालिका**

# कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८०

**ऐन तथा सभाले बनाएको नियमको सम्पुर्ण व्यहोरा**

**आज्ञाले,**
**अरबिन्द कुमार चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

# अग्नीसाईर कृष्णासवरन गाउँपालिका

## को

# कर्मचारी कल्याण कोष सञ्चालन कार्यबिधि–२०८०

**प्रमाणिकरण मिति: २०८०।०३।१५गते**

## अग्नीसाईर कृष्णासवरन गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**सीतापुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**अग्नीसाईर कृष्णासवरन गाउँपालिका**

# कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि -२०८०

**प्रस्तावना:**

गाउँपालिकाको समग्र विकास लक्ष्य तथा सेवा प्रवाहको सुनिश्चितताका लागि यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको हित, सेवा प्रति उत्तरदायी र कर्मचारीलाई सेवा प्रवाह प्रति उत्साहित बनाउनको लागि "अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५" को दफा ४ उपदफा (१) बमोजिम यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा सुनिश्चिताका लागि स्थानीय कर्मचारी ऐन नबनेसम्म "कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८०" जारी गरिएको छ ।

## परिच्छेद-१ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८०" रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने ।

**२. परिभाषा:**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"गाउँपालिका"** भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"**भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको कार्यालय सितापुरलाई सम्झनु पर्दछ ।

(ग) **"अध्यक्ष"** भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **"स्थानीय** तह" भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिका वा नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनुपर्दछ ।

(छ) "प्रशासकीय कार्यविधि" भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको प्रशासकीय कार्यविधि २०७५ सम्झनु पर्दछ ।

(ज) **"कर्मचारी"** भन्नाले यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको कार्यालय, अन्तर्गतको वडा कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत निजामती कर्मचारी, साविकका स्थानीय निकायका कर्मचारी, साविक गा.वि.स. देखि हालसम्म कार्यरत स्थायी तथा करारमा नियुक्त गरिएका कर्मचारी सामायोजन भई आएका स्थानीय निकाय तर्फका कर्मचारी र राज्यको

पुन: संरचना भएको बखत तत्कालीन कर्मचारी व्यवस्थापन गर्न बनेको जिल्लाको कर्मचारी व्यवस्थापन समितिको निर्णय अनुसार अन्य कार्यालयमा नियुक्ति भई यस गाउँपालिकामा खटाइएका स्थायी, अस्थायी र करार कर्मचारी तथा स्वास्थ्य संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरु समेतलाई सम्झनु पर्दछ ।

(झ) **"कोष"** भन्नाले यस गाउँपालिकाको गाउँ सभाले कर्मचारी कल्याण कोष शिर्षकमा विनियोजन गरेको रकमलाई सम्झनुपर्दछ ।

## ३. कार्यक्रमको उद्देश्य:

(१) समग्र गाउँपालिकाको विकास लक्ष्य र सेवा प्रवाहको मेरुदण्डको रुपमा रहेका कर्मचारीको हकहित र सेवा प्रवाह प्रति उत्तरदायी र प्रोत्साहित गर्ने ।

(२) कर्मचारीहरुको सेवा पश्चातको भविष्यलाई सघाउ पुऱ्याउने ।

(३) कर्मचारीलाई सेवा प्रवाह प्रति थप उत्तरदायी र सेवालाई मर्यादित बनाउने ।

(४) कर्मचारीलाई हुन सक्ने जोखिम न्यूनिकरण गर्ने ।

## ४. कोषको व्यवस्थापन र संचालन सम्बन्धी व्यवस्था :

(१) प्रत्येक आर्थिक बर्षको गाउँसभाबाट आवश्यकता अनुसारको रकम कोषमा विनियोजन गरिनेछ उक्त रकमलाई छुट्टै कोषमा राखी सञ्चालन गरिनेछ भने उक्त कोषको नाम कर्मचारी कल्याण कोष रहनेछ ।

(२) कर्मचारी कल्याण कोषमा गाउँ सभाबाट रकम विनियोजन भए पश्चात सोही कोषमा रकम जम्मा गरी तोकिएको कार्यमा मात्र खर्च गरिनेछ र उक्त रकम खर्च नभएको खण्डमा उक्त कोषमै बचत भई जिम्मेवारी सरेर जानेछ । उक्त कोषको रकम तोकिएको कार्य बाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

## ५. कोष प्रवाहका शर्तहरु :

(१) कोषमा जम्मा भएको रकमबाट कर्मचारीहरुमा नेपाल सरकारले परिभाषित गरेको जटिल प्रकृतिका रोग लागेमा, कार्यालयको कामको सिलसिलामा कुनै दुर्घटना भएमा, सेवा बहालमै रहेको अवस्थामा मृत्यु भएमा, उमेरको हद वा अन्य कुनै प्रकारले सेवाबाट अवकाश वा पद मुक्त भएमा अनुसूची १ मा तोकिए बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

(२) अनुसूची १ बमोजिम तोकिएको समय भन्दा कम समय सेवा गरेको खण्डमा सेवा वा पदबाट मुक्त हुँदा पाउने सुविधा पाउने छैन ।

(३) सेवा सुविधा प्रवाह हुँदा प्रचलित कानुन बमोजिम कट्टा हुने करकट्टी गरेर मात्र भुक्तानी हुनेछ ।

(४) प्रचलित कानुन विपरित कार्य गरेको कारण वा निजामती ऐन बमोजिम गर्न नहुने भनिएका कार्य गरेमा वा कुनै कारण बरखास्त भएमा कुनै पनि सेवा सुविधा पाउने छैन ।

(५) सेवा निरन्तरता नभई बीचमा सेवा भङ्ग भई पुन: सेवामा प्रवेश गरेको खण्डमा पछिल्लो सेवा प्रवेशलाई सुरु नियुक्ति मानिनेछ ।

(६) कुनै निकायमा वा कार्यालयमा प्रचलित कानुन बमोजिम नियुक्त भई राज्य पुन: संरचना पश्चात कर्मचारी व्यवस्थापन समितिको निर्णय बमोजिम खटाइएका कर्मचारीको हकमा साविकको कार्यालयमा नियुक्ति मितिलाई नै सुरु नियुक्ति मानिनेछ ।

(७) यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । कुनै सेवा सुविधा दोहोरो हुने गरी पाइने छैन ।

## ६. भुक्तानी प्रकृया:

(१) यस कार्यविधिको दफा ५ को बुँदा नं. १ अनुसार अवकाश वा पदमुक्त भएको खण्डमा पदमुक्त भएपश्चात सुरु नियुक्ति पत्र, पदमुक्त भएको पत्र, नागरिकताको प्रतिलिपि, सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिए पश्चात आवश्यक छानविन गरी भुक्तानी दिन मनासिव देखिएमा उक्त कोषबाट निजको नाममा खोलिएको बैंक खाता मार्फत भुक्तानी हुनेछ ।

(२) यसै कार्यविधिको दफा ५ को बुँदा नं. १ बमोजिम नेपाल सरकारले परिभाषित गरेको कुनै घातक रोग लागेमा उक्त रोग लागेको सम्बन्धित विशेषज्ञ डाक्टरले प्रमाणित गरेको सिफारिसको आधारमा आवश्यक जाँचबुझ गरि कोषबाट रकम भुक्तानी हुनेछ ।

(३) कार्यालयको कामको सिलसिलामा दुर्घटनामा परी घाइते भएमा प्रहरी सर्जमिन मुचुल्काको आधारमा र उपचारमा लाग्ने खर्चको आधारमा आवश्यक जाँचबुझ गरी उपचार खर्च रकम र अनुसूची-१ मध्येको न्यूनतम रकम भुक्तानी हुनेछ ।

(४) कार्यालयको कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा प्रहरी मुचुल्का पोस्टमार्टम रिपोर्ट मृत्युदर्ता प्रमाण पत्र हकदारसंगको नाता प्रमाणित हकदारको नागरिकताको प्रतिलिपि संलग्न राखी सम्बन्धित हकदारले निवेदन दिए पश्चात आवश्यक जाँचबुझ गरी अनुसूची-१ बमोजिमको रकम वा सेवा अवधिको आधारमा अधिकतम रकम भुक्तानी हुनेछ ।

(५) कार्यालयमा बहाल रहेको अवस्थामा मृत्यु भएमा मृत्युदर्ता प्रमाण पत्र हकदारसंगको नाता प्रमाणित हकदारको नागरिकताको प्रतिलिपि संलग्न राखी सम्बन्धित हकदारले निवेदन दिए पश्चात आवश्यक जाँचबुझ गरी अनुसूची-१ बमोजिमको रकम वा सेवा अवधिको आधारमा अधिकतम रकम भुक्तानी हुनेछ ।

## ७. कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व :

(१) कर्मचारी कल्याण कोषमा रकम विनियोजन गर्ने मुख्य दायित्व गाउँ सभाको हुनेछ ।

(२) विनियोजन भएको रकमलाई आवश्यक जाँचबुझ गर्ने, नियन्त्रण गर्ने र कार्यान्वयन गर्ने दायित्व गाउँ कार्यपालिकाको कार्यालयलाई हुनेछ ।

(३) भुक्तानी पाउनको लागि सत्यतथ्य प्रमाण उपलब्ध गराउने दायित्व सम्बन्धित कर्मचारी, कार्यालय र निवेदकको हुनेछ ।

# परिच्छेद-३
# विविध

## ८. आर्थिक प्रशासन सेवा :

कोषको लेखा व्यवस्थापन, परीक्षण तथा कार्यविधि प्रचलित कानुन अनुसार हुनेछ । साथै सम्पूर्ण कार्यको मितव्ययिता, खर्चको मापदण्ड र कार्यविधि सम्बन्धित क्षेत्रको खर्च गर्ने कार्यविधि, निर्देशिका र खरिद ऐन नियमावलीको परिधिभित्र हुनेछ ।

## **९. प्रचलित कानुन लागु हुनेछ :**

कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित संघीय र प्रादेशिक कानुनसँग बाँझिएको भएमा बाँझिएको हदसम्म लागु हुनेछैन ।

## **१०. बाधा अडकाउ तथा खारेजी एवम् संशोधन :**

(१) यस अघि कोषबाट भएको जे जति कार्यहरु यसै बमोजिम भएको मानिनेछ । साथै आवश्यक थपघट गर्नुपर्ने स्थिति भएमा गाउँ कार्यपालिकाबाट आवश्यक संशोधन तथा खारेजी गर्न सक्नेछ ।

(२) स्थानीय कर्मचारी ऐन बने पश्चात यो कार्यविधि स्वत: खारेज भएको मानिनेछ ।

### **अनुसूची-१**
### **दफा ५ सँग सम्बन्धित**
### **सेवा सुविधाको विवरण**

(१) साविक स्थानीय निकाय तर्फको स्थायी कर्मचारीको हकमा स्थानीय कर्मचारी ऐन नबने सम्म स्थानीय स्वत: शासन ऐन २०५५ मा भएको व्यवस्था अनुसार नै हुने ।

(२) अस्थायी करार कर्मचारीको हकमा निम्न बमोजिम हुनेछ ।

(क) एक बर्ष देखि पाँच बर्ष सेवा गरेको कर्मचारीको हकमा आखिरी एक महिना वरावरको तलव ।

(ख) पाँच बर्ष देखि दश बर्षसम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निमित्त आखिरी आधा महिनाको तलव ।

(ग) दश बर्ष भन्दा बढी सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निमित्त आखिरी एक महिनाको तलव ।

तर

सेवा अवधि १२ बर्ष भन्दा बढी जतिसुकै भए पनि १२ महिना वरावरको आखिरी तलव भन्दा बढी पाउने छैन ।

(३) बहालमा रहेको कर्मचारीलाई नेपाल सरकारले परिभाषित गरेको घातक रोग लागेमा उपचार खर्च स्वरुप एकमुष्ट रु. १ लाख ।

(४) कार्यालयको कामको सिलसिलामा कुनै दुर्घटनामा परी घाइते भएमा बढीमा रु. १ लाख ।

(५) कार्यालयको कामको सिलसिलामा कुनै दुर्घटनामा परी मृत्यु भएमा रु. २ लाख ।

(६) कार्यालयमा बहाल रहेकै अवस्थामा अन्य कारणले मृत्यु भएमा रु. १ लाख ।

नोट: साविकको स्थानीय निकाय तर्फका स्थायी कर्मचारी र निजामती कर्मचारीको हकमा दोहोरो नपर्ने गरी यसै अनुसूची बुँदा नं. ३, ४, ५ र ६ बमोजिम हुनेछ ।